# पोखरा महानगरपालिका
## सार्वजनिक निजी साझेदारी इकाई
न्युरोड, पोखरा, कास्की

### सार्वजनिक निजी साझेदारीमा कार्य गर्नको लागि
### मनसायपत्र आह्वानको सूचना
(सूचना प्रकाशन मिति : २०७५/११/२०)

१. पोखरा महानगरपालिका अन्तर्गत **तपसिल बमोजिमका आयोजनाहरु** सार्वजनिक–निजी साझेदारी (सानिसा) मा कार्यान्वयन गर्नको लागि इच्छुक तथा योग्य व्यक्ति/कम्पनी/संस्थाहरुबाट सार्वजनिक–निजी साझेदारी ऐन, २०७५ को दफा १७ तथा सार्वजनिक–निजी साझेदारी नियमावली, २०७५ को नियम ६ को उपनियम (१) बमोजिम तोकिएका शर्तहरुको अधिनमा रहि मनसायपत्र पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

२. पोखरा महानगरपालिकाले उल्लेखित आयोजनाहरुको कार्यान्वयन सार्वजनिक निजी साझेदारी मार्फत गर्नेछ । पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, नियमावली तथा नीति २०७५ अनुसार परियोजनाको डिजाइन, निर्माण तथा सञ्चालन गरिनेछ । महानगरपालिका, स्थानीय समुदाय तथा निजी क्षेत्रको सहभागितामा परियोजनाको सार्वजनिक निजी साझेदारी ऐन, नियमावली तथा नीतिको व्यवस्था अनुसार निजी क्षेत्रलाई निर्माण तथा सञ्चालनको लागि दीर्घकालिन परियोजनाको रुपमा साझेदारीको सम्झौता हुनेछ ।

३. मनसाय पत्र आव्हान सम्वन्धी कागजात पोखरा महानगरपालिकाको कार्यालय, सानिसा ईकाइबाट मिति २०७५/१२/०४ गते कार्यालय समय भित्र रु ५०००/- (फिर्ता नहुने) बुझाई खरिद गर्न सकिनेछ ।

४. मनसायपत्र पेश गर्ने अन्तिम मिति २०७५/१२/०५ गते दिनको १२:०० वजेसम्म रहनेछ । प्राप्त मनसायपत्रहरु सोही दिन १:०० वजे खोलिनेछ ।

५. मनसायपत्र, मुल्यांकनका आधारहरु तथा साझेदारीका शर्तहरु मनसायपत्र आव्हान सम्वन्धि कागजातमा उल्लेख गरिएको छ । मनसायपत्र आव्हान सम्वन्धि कागजातहरु यस कार्यालयको वेबसाईट www.pokharamun.gov.np मा पनि हेर्न सकिनेछ । मनसायपत्र मुल्यांकनका लागि कूल एक सय अङ्कलाई पूर्णाङ्क मानी सो अङ्कलाई देहायको आधारमा विभाजन गरिनेछ ।

(क) प्राविधिक क्षमता वापत - पचास अङ्क
(ख) आर्थिक क्षमता वापत - तीस अङ्क
(ग) अनुभव वापत - बीस अङ्क

६. यस सुचनामा उल्लेख नभएका अन्य विषयहरु मनसायपत्र आव्हान सम्वन्धि कागजात तथा पोखरा महानगरपालिकाको सार्वजनिक निजी ऐन २०७५ तथा नियमावली २०७५ मा उल्लेख भए अनुसार हुनेछ ।

७. समयसिमा नाघी प्राप्त भएका तथा कुनै शर्तहरु राखि पेश भएका मनसायपत्रहरु मान्य हुने छैनन । साथै कुनै मनसायपत्र स्विकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

तपसिल

| क्र.सं. | मनसायपत्र नं. | आयोजनाको नाम |
|---|---|---|
| १. | ०१/सानिसा/०७५-०७६ | सराङ्गकोट पर्यटन पूर्वाधार विकास आयोजना |
| २. | ०२/सानिसा/०७५-०७६ | सेती खोंच (Seti Gorge) साहसिक पर्यटन पूर्वाधार विकास आयोजना |
| ३. | ०३/सानिसा/०७५-०७६ | पाताले छाँगोमा शिसापुल निर्माण तथा अन्य पूर्वाधार विकास आयोजना |
| ४. | ०४/सानिसा/०७५-०७६ | फेवा/बेगनास तालमा Water Sport संचालन कार्य |
| ५. | ०५/सानिसा/०७५-०७६ | महानगर क्षेत्र भित्र डिजिटल होर्डिङ्गबोर्ड व्यवस्थापन कार्य |

प्रमुख प्रशासकिय अधिकृत

Pokhara Lekhnath Metropolitan City
Office of the Municipal Executive
Chief Administrative Officer